हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ, स्याङ्जा
२०७३

२०८०/१०/२५

आज मिति २०८०।१०।२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया वि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री बिदुर सिग्देल | सदस्य-सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) | |

(बिदुर सिग्देल)
नि.प्रमुख प्रशासकीय अधिकृत

खिम नारायण मानन्धर
अध्यक्ष

| | | |
|---|---|---|
| अन्य उपस्थिति | | |
| श्री नोल बहादुर थापा | अधिकृत छैठौं | |
| श्री लाल चन गैहे | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्युको स्वकीय सचिव | |
| श्री लक्ष्मी कार्की | शिक्षा शाखा प्रमुख | |

**बैठकका एजेण्डा**

१. गत बैठकको समिक्षा ।

२. आव २०८०/८१ को मा राष्ट्रिय योजना आयोग समक्ष योजना माग सम्बन्धमा

३. दुर्त प्रतिकार्य समिति तथा टोलि गठन सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. दादुरा रुबेला खोप अभियान संचालनतथा पूर्ण खोप सुनिश्चितता कार्यक्रम सम्बन्धमा

६. युवा मैत्री स्थानीय तह घोषणा कार्यक्रम सम्बन्धमा ।

७. प्रहरी चौकी चित्रे भन्ज्यांग को लागिपुन जग्गा सिफारिस सम्बन्धमा ।

८. बिभिन्न निकायबाट प्राप्त पत्र जानकारी सम्बन्धमा ।

९. अन्य बिबिध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं.२ प्रस्ताव नं २ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकामा आ.व. २०८१/०८२ मा निम्न अनुदान अन्तर्गत निम्न योजना तथा कार्यक्रमहरुलाई योजना तथा कार्यक्रममा समावेश गरि बजेट बिनियोजन को लागि राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो ।

आर्थिक बर्ष २०८१/०८२ मा बिभिन्न क्षेत्रमा समपुरक,विशेष अनुदान अन्तर्गत प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरु

स्थानीय तहको नामः- हरिनास गाउँपालिका
गण्डकी प्रदेश नेपाल
जिल्लाः-स्याङ्जा

१) प्रस्तावित योजना तथा कार्यक्रमहरु

| क्रस | क्रियाकलाप शीर्षक | इकाई /परिमाण | पटक | प्रस्तावित बजेट | प्राथमिकता नं. | माग गरिएको अनुदान शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | दग्दीकुलिंखोलादोभानवडहर भन्ज्यांग किहुँ ग्रामिण सडक(PART 4 ,CH 5+000 KM TO 8+636.38 KM | ३.७ किमी | १ | ९७८०९५०६। | १ | आव २०८१/०८२ को समपुरक अनुदानतर्फ |
| २ | गाउँपालिका कार्यालयकोको प्रसाशकीय भवन निर्माण योजना हरिनास-४ | १ | १ | ६४५९८२७५ | २ | आव २०८१/०८२ को समपुरक अनुदानतर्फ |
| २ | मग्याम चिसापानी आधारभूत अस्पताल निर्माण योजना हरिनास-३ क्रमागत | १ | १ | १८५००००० | क्रमागत | आव २०७९/८० को बिशेष अनुदान,क्रमागत योजना |
| ८ | पोषण विशेष कार्यक्रम | १ | | ९०००००० | १ | आव २०८०/०८१ को बिशेष अनुदान(स्वास्थ्य) तर्फको क्रमागत योजना तथा कार्यक्रम |
| ९ | स्वास्थ्य चौकी भवन निर्माण वडा १,२,४,५, | ४ | १ | २००००००० | २ | आव २०८१/०८२ को बिशेष अनुदान(स्वास्थ्य) तर्फ माग |
| जम्मा | | | | ३४०४०७७८१ | | |

निर्णय नं.३ प्रस्ताव नं ३ माथी छलफल गर्दा दुर्त प्रतिकार्य टोलि तथा आपतकालीन चिकित्सकीय समुह परिचालन सम्बन्धी निर्देशिका २०७९ को बुँदा नं. १० बमोजिम र बुँदा नं.११ बमोजिम देहाय बमोजिमको स्थानीय दुर्तप्रतिकार्य समिति तथा प्रतिकार्यटिम गठन/पुनगठन गर्ने निर्णय गरियो ।

**दुर्तप्रतिकार्य समिति तर्फ**

१. हरिनास गाउँपालिकाको अध्यक्ष श्री खिम नारायण मानन्धर — संयोजक
२. हरिनास गाउँपालिकाको प्रमुख प्रशासकीयअधिकृत — सदस्य
३. स्वास्थ्य सस्था/अस्पताल प्रमुख धन बहादुर मानन्धर — सदस्य
४. विपद व्यवस्थापन शाखा प्रमुख नोल बहादुर थापा — सदस्य
५. स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख विदुर सिग्देल — सदस्य सचिव

**दुर्तप्रतिकार्य टोलि तर्फ**

१. स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख विदुर सिग्देल — संयोजक
२. चित्रे भन्ज्यांग स्वास्थ्य चौकी प्रमुख धन बहादुर मानन्धर — सदस्य
३. मग्याम चिसापानी स्वास्थ्य चौकी प्रमुख डोल राज सिग्देल — सदस्य
४. क्याक्मी स्वास्थ्य चौकी प्रमुख हे.अ.सजना शेर्पा — सदस्य
५. कोइराले सामुदायिक स्वास्थ्य इकाई प्रमुख अहेव दिपा चन्द खाँण — सदस्य
६. देउराली सामुदायिक स्वास्थ्य इकाई प्रमुख हे.अ सुनिल बिक — सदस्य
७. कुलिंखोला सामुदायिक स्वास्थ्य इकाई प्रमुख अहेव पुनम मानन्धर — सदस्य
८. बरातु सामुदायिक स्वास्थ्य इकाई अनमी सरस्वति भट्टराई — सदस्य
९. मग्याम चिसापानी स्वास्थ्य चौकी चन्द्रा खाँण ल्याव असिस्टेन्ट — सदस्य
१०.सालडांडा सामुदायिक स्वास्थ्य इकाई प्रमुख सिअहेव दान बहादुर बिक — सदस्य
११.स्थानीय तहको स्वास्थ्य शाखामा कार्यरत तथ्यांक हेर्ने सिअहेव लाल बहादुर थापा — सदस्य-सचिव

निर्णय नं.४ प्रस्ताव नं ४ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकामा आ.व. २०८०/०८१ मा निम्न आर्थिक सहायता अन्तर्गत निम्न महानु भावहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्रस | नामथर | ठेगाना | आर्थिक सहायता रकम | श्रोत शीर्षक |
|---|---|---|---|---|
| १ | मनोरथ शर्मा | हरिनास ४ राम्चे | ५००००\|पचास हजार | आर्थिक सहायता |
| २ | खिना भुजेल | हरिनास ४ राम्चे | ५००००\|पचास हजार | आर्थिक सहायता |
| ३ | हरी मानन्धर | हरिनास ४ क्याक्मी | ५००००\|पचास हजार | आर्थिक सहायता |
| ४. | खडकबहादुर श्रेष्ठ | हरिनास २ प्यार्सिंग | ५००००\|पचास हजार | आर्थिक सहायता |
| ५ | गगन सिंह राना | हरिनास २ प्यार्सिंग | ५००००\|पचास हजार | आर्थिक सहायता |

निर्णय नं.५ प्रस्ताव नं ५ माथी छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा फाल्गुन २०८० मा संचालन हुने राष्ट्रिय दादुरा रुबेला खोप अभियान तथा हरेक वर्ष सन्चाल हुने पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई तत कार्यक्रमको निर्देशिका बमोजिम अगाडी बढाउने निर्णय गरियो ।

(विदुर सिग्देल)
वि.प्रमुख प्रशासकीय अधिकृत

खिम नारायण मानन्धर
अध्यक्ष

निर्णय नं ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको मिति २०८०/१० २४ गतेको पत्रानुसार युवा मैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत युवा मैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ माथी छलफल गर्दा चित्रे मन्ज्यांग प्रहरी चौंको भवन निर्माणको लागि हरिनास गाउँपालिका वडा ४ साविक चित्रे मन्ज्यांग गाविस वडा ७ स्थित कि.नं.१ को ५०० रोपनी क्षेत्रफलको जग्गा मध्ये दक्षिण पश्चिम तर्फको करिब ५ रोपनीजग्गा प्रहरी चौकिको भवन निर्माणको प्रयोजनार्थ जग्गा उपलब्धताको लागि यस अगाडिको मिति २०८०/३/१३ गतेको कार्यपालिका बैठकबाट भएको निर्णयलाई संशोधन सहित सम्बन्धित निकायमा पुन सिफारिस गर्ने निर्णय गरियो ।